नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(समावेशी शिक्षा शाखा)

फोन नं ०१-६६३१०७५
फ्याक्स ०१-६६३१९७२

प.सं २०८०/०८१
च.नं ५८

मिति : २०८०।१२।१५

श्री सम्बन्धित सबै स्थानीय तह,
श्री सम्बन्धित सबै सार्वजनिक विद्यालय,

**विषय : विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको नामावली प्रकाशन सम्बन्धमा।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७९ मा सार्वजनिक विद्यालयको कक्षा ८ र कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले भरेको PMT फारामका आधारमा "विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड २०८०" अनुसार नतिजा विश्लेषण गरी माध्यमिक तह (कक्षा ९-१२) का लागि विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको विवरण यसैसाथ संलग्न गरी नतिजा प्रकाशन गरिएको छ। यस सम्बन्धमा देहायबमोजिम गर्नुगराउनु हुन निर्णयअनुसार अनुरोध छ।

१. शैक्षिक सत्र २०७९ मा कक्षा ८ मा फाराम भरी छनौट भएका विद्यार्थीहरू शैक्षिक सत्र २०८० मा नियमित रूपमा कक्षा ९ मा सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका भए सो विवरणको यकिन गरी निजहरूको बैंक खाता खोल्न लगाउने,

२. शैक्षिक सत्र २०७९ मा कक्षा १० मा फाराम भरी छनौट भएका विद्यार्थीहरूको हकमा देहायबमोजिमका विद्यार्थीहरूको विवरण यकिन गरी मिति २०८१/०१/०२ सम्म बैंक खाता खोल्न लगाउने,
   (क) शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्ययन गरिरहेका प्रथम क्वाइन्टाइलमा सूचीकृत भएका सबै छात्रछात्रा,
   (ख) शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा कक्षा ११ मा विज्ञान विषय वा प्राविधिक धारमा अध्ययन गरिरहेका दोस्रो क्वाइन्टाइलसम्म सूचीकृत भएका सबै छात्रछात्रा,
   (ग) शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा कक्षा ११ मा विज्ञान विषय वा प्राविधिक धारमा अध्ययन गरिरहेका तेस्रो क्वाइन्टाइलसम्म सूचीकृत भएका सबै छात्रा,

३. माथि क्र.सं.१ अनुसार छात्रवृत्ति पाउने विद्यार्थीले कक्षा ९ र १० मा अध्ययन गरेवापत वार्षिक रु. छ/छ हजारका दरले रकम पाउनेछन् ।त्यसै गरी क्र.सं.२ को (क) मा उल्लेख भएका कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीले विज्ञान विषय वा प्राविधिक धारमा अध्ययन गरेको भए वार्षिक चौबीस हजार रुपियाँ र अन्य विषय अध्ययन गरेको भए वार्षिक अठार हजार रुपियाँ पाउँनेछन् । क्र.सं.२ को (ख) र (ग) मा अध्ययन गरेको भएमा वार्षिक चौविस हजार रुपियाँ रकम पाउनेछन् ।

४. कक्षा ९ र ११ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले नियमित अध्ययन गरेको भएमा कक्षा १० र १२ मा स्वतः छात्रवृत्ति पाउनेछन् ।

५. छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था रहेको हुँदा विद्यालयमार्फत छात्रवृत्ति पाउने बालबालिकाको बैंक खाता खोली सोको विवरण अनलाइन EMIS मा अद्यावधिक गर्नु गराउनुहुन।

६. यसबमोजिम केन्द्रबाट प्रकाशित नतिजा, विद्यार्थीको नामावली स्थानीय तह, वडा र विद्यालयको वेभसाइट, सूचना पाटीलगायत माध्यमबाट प्रकाशित गरी सबैमा जानकारी गराउनु हुन।

थप जानकारीका लागि ०१६६३८८५३

दिव्या दवाडी
निर्देशक